सन्दर्भः तीर्थाटन

# नर्मदाको हरेक कंकड, शिव शंकर !

स्वामी आनन्द अरुण

विगत २२ दिन म भारतको छत्तिसगढ र उडिसामा ध्यान शिविर संचालन हेतु तीर्थयात्रामा थिए । छत्तिसगढ ७ वर्षअघि मध्य प्रदेशबाट १६ जिल्ला काटेर निर्माण गरिएको भारतको २६ औं र पिछडिएको राज्य हो । छत्तिसगढ र नेपालमा मैले धेरै प्राकृतिक समानता पाए । दुबैको क्षेत्रफल, जनसंख्या र जनघनत्व समान छ । दुबै क्षेत्रमा प्रचुर वनसम्पदा छन् । तर ३० प्रतिसत भन्दा पनि कम क्षेत्रफल ढाकेको नेपालको वन प्रत्येक दिन मासिइरहेको छ भने छत्तिसगढको ४५ प्रतिशत भुभाग अहिलेपनि हरियो वनले ढाकिएकै अवस्थामा छ । दुबै क्षेत्रमा प्रशस्त खोलानाला छन् । तर नेपालको जलविद्युतको ठूलो संभावना हुँदाहुँदै पनि स-साना नदीनाला भएको छत्तिसगढले भने १३६० मेगावाट विद्युत उत्पादन गरी आफ्ना ९० प्रतिसत गाउँलाई चौबिसै घण्टा विद्युत सेवा दिई आफ्ना छिमेकी राज्यहरूमात्र होइन दिल्लीसम्म विद्युत पुऱ्याएको छ ।

तर काठमाण्डौं फर्किनासाथ प्रत्येक दिन ६ घण्टाको लोडसेडिंग (जो बढेर चैतमा ११ घण्टा हुने सम्भावना छ) को पहिलो आघात सहनु पऱ्यो । संसारको कुनैपनि राजधानीले यति विद्युत अभावको मार खप्नु नपरेको होला । देशको लागि चिन्ताको जिम्मा बोकेकाहरूले बेलैमा आफ्नो चिन्ता गरेर जेनेरेटर र व्याकअपको व्यवस्था गरिसकेका होलान् बाँकि जनताले धैर्यधारण गरेर मैनको दियो बालेर प्रार्थना गर्नुको विकल्प छैन । अर्को आघात परेको छ - डिजेलको रु ६१ र ग्यासको मूल्य १२५० रुपैया पुग्नुले । त्यति कै पनि आममानिसको जीवन यहाँ कठीन थियो अब यस महंगीको मारले जीवन अझ जटिल र दुःखदायी हुनेछ र गरिबीले बढाउने अपराधिक गतिविधिहरूमा अझ तिब्रता आउनेछ । पुरै भारतमा भारु २८० मा पाइने ग्यास नेपाल पुग्नासाथ कसरी रु १२५० हुन जान्छ, यो गणित बुझिनसक्नु छ । अर्को बिडम्बना के भने २००७ सम्म आइपुग्ने भनिएको मेलाम्चीको पानी २०१५ सम्म पनि आइपुग्ने सुर छैन । त्यसकारण बिजुली, पानी र इन्धनको अभाव र संकटमा गाँजिएको जीवनमा त्राणको कुनै आशा देखिंदैन । आखिर देशै लकिरको फकिर भइसकेको र यस्ता झिनामसिना कुरामा कुनै राजनेता र विद्वानलाई लेसमात्र चिन्ता नहुनु खासै उदेकलाग्दो विषय अब हाम्रालागि रहेन । बिग्रिदै गएका सडक झनझन बिग्रिदै गएको अवस्था र त्यसलाई सुधार्ने अनि सडकमा बढेको गाडीको चापलाई व्यवस्थापन गर्ने खासै कारगर उपाय नखोजिएकोले काठमाण्डौंबासीको जीवन भविष्यमा झन दुःखदायी र त्रासदीपुर्ण हुन जाने संकेतहरू देखेर मन खिन्न र निराश भयो ।

जस्तोसुकै विषम परस्थितिमा पनि आपसी सद्भाव र मिलापमा बस्दै आएका सोझासादा नेपालीको जीवनमा क्षेत्रिय र जातिय कटुताको झिल्को दन्किदै राष्ट्रिय अखण्डतालाई नै भस्म पार्ने दिशातिर उन्मुख भइरहेको भयावह स्थिति देखेरपनि त्यस्तो स्थितिलाई साम्य पार्ने जिम्मेवारी बोकेकाहरूको कुम्भकर्णिय निद्रा शिघ्रातिशिघ्र खुलोस् र यो दावानल साम्य भई छालाको रंगको आधारमा भइरहेको विभेद, अन्याय र हिंसा सधैका लागि अन्त्य होस् भन्ने प्रार्थना हृदयमा जाग्यो ।

अब लागौ अमरकन्टकतिर । विध्याचल र सतपुरा पवर्तिय श्रृंखलाको मिलन विन्दुमा ३५०० फिट उचाईमा सघन वनको बीचमा अवस्थित हिन्दूहरूको पवित्र तपोभूमि छ - अमरकन्टक । अनादिकाल देखि यहाँ ऋषिमुनीहरू तपस्या गर्न आएरहन्थे । मेरा लागि अमरकन्टक जाने मुख्य कारण मेरा आराध्य शिवपुरीबाबाले त्यही ईश्वर साक्षात्कार गरेकाले हो । १८ वर्षकै किशोरावस्थामा आफ्नो जायजेथा आफ्नी जुम्ल्याहा बहिनीलाई दिई वानप्रस्थ भएका आफ्ना हजुरबुबा अच्युतम्सँग उनी यही तपस्यार्थ आइपुगेका थिए । ७ वर्ष हजुरबुबा र नाति यसै क्षेत्रमा सँगै तपस्यारत रहे । शिवपुरीबाबा २५ वर्षको हुँदा हजुरबुबाको निधन भयो । नर्मदाको किनारमा उहाँको दाहसंस्कार गरी आफ्नो अन्तिम लौकिक कार्य पनि सकिएका ठानी शिवपुरीबाबा अमरकन्टक कै घनघोर जंगलमा ईश्वर साक्षात्कारको दुर्लभ आंकाक्षा लिइ पसे । २५ वर्षको अनवरत र कठोर तपस्चर्यापछि उहाँ कै शब्दमा भनौं भने, 'गड केम एज अ फ्ल्याश्, अल क्वेश्चनस एन्सर्ड एण्ड अल प्रोब्लम्स् सोल्भड् फर एभर ।' (अचानक परमात्मा प्रकाशित भयो, सबै प्रश्नको उत्तर पाएँ र सबै समस्या सधैका लागि समाधान भए ।) उहाँको त्यस्तै अर्को अभिव्यक्ति जसले मलाई सधै झक्झक्याइ रहन्छ - 'परमात्मा साक्षात्कार नगरेसम्म हामीले जेजति गरे पनि त्यसको परिणाम हाम्रो विपरीत नै जान्छ ।' मुक्तिको आकांक्षु हरेकले यो महावाक्य प्रत्येक पल स्मरण गरिरहनु पर्छ ।

परमात्मा प्रकट भएको यो ठाउँको दर्शन गर्ने मेरो चिरप्रतिक्षित अभिलाषा यसपाली तृप्त भयो । त्यहाँ एक नाम चलेका प्रसिद्ध योगीको आश्रम छ - वरफानी बाबा आश्रम । भनिन्छ, वरफानी बाबाको उमेर ३०० वर्षको छ, जीवनका लगभग २०० वर्ष मानसरोवर, कैलास र नेपालका हिमाली क्षेत्रमा तपस्या गरेकोले उनको नाम वरफानी बाबा हुन गएको हो । विगत ६० वर्षदेखि नर्मदाको उद्गम स्थल अमरकन्टक मै उनी आश्रम बनाई बसिरहेका छन् । शिवपुरीबाबाले तपस्या गरेको निश्चित ठाउँको जानकारी उनलाइ होला भनेर म उनको दर्शन गर्न उनको आश्रममा पुगे । तर वर्फानी बाबा तीर्थाटन गर्न तिरुपती बालाजी गएका रहेछन् र म अमरकन्टकमा ४ रात बसुन्जेन उनी फर्केनन् । त्यसकारण मैले उनको आश्रम र शिष्यको दर्शन मै चित्त बुझाउनु पऱ्यो । शिवपुरीबाबाले अमरकन्टक छोडेकै डेढसय वर्ष भयो । अहिले पनि त्यो ठाउँमा सानो मानव वस्ती मात्र छ, बेलुका ८ बजेपछि एककप चिया पनि कहीं पाईंदैन, शिवपुरीबाबाको बेलामा त्यो ठाउँ कस्तो होला ?

शिवपुरीबाबाको बारेमा जानकारी दिने व्यक्ति जति खोज गरेपनि मैले भेटाउन सकिन । अनि आफ्नै सुरमा त्यो जंगलमा म खुब घुमे यो श्रद्धाले कि त्यो माटोमा शिवपुरीबाबाले कुनैदिन अवश्य नै पाउ टेकेका होलान् । अमरकन्टकको पवित्रता र दिव्य उर्जाले मेरो रोमरोमलाई रोमान्चित गरी मेरो चित्तलाई सधै उर्ध्वगामी बनाइरह्यो ।

अमरकन्टकको मुख्य आर्कषण नर्मदा र सोन नदीको उद्‌गम स्थलको दर्शन र स्नान हो । नर्मदा भारतको ७ प्रसिद्ध नदी मध्ये एक मानिन्छ । यमुनाको ७ स्नानले, सरस्वतिको ३ स्नानले र गंगाको १ स्नानले मानिस पवित्र हुन्छ, तर नर्मदाको जलको दर्शन मात्रले मानिस पवित्र हुन्छ भन्ने हिन्दू शास्त्रको मान्यता छ । नदीहरू मध्ये नर्मदा मात्रै यस्तो नदी हो जसको परिक्रमा गर्ने विधान छ । दुई प्रकारका परिक्रमा मध्ये लामो परिक्रमालाई ७ वर्ष र छोटोलाई ३ वर्ष ३ महिना र १३ दिन लाग्छ । परिक्रमा मार्गमा प्रत्येक तीर्थ यात्रीलाई बस्ने खाने व्यवस्था स्थानिय तवरबाटै निःशुल्क गरिएको हुन्छ । हिन्दूहरूमा मात्र यस्तो धैर्य र आस्था पाइन्छ जो एक नदीलाई जीवन्त परमात्मामानी त्यसको किनारामा हजारौंको संख्यामा यति लामो समयसम्म असीम श्रद्धा र विश्वासले परिक्रमा गर्न सक्छन् ।

osho@tapoban.com